## प्रस्तावहरुः

२०७९।०८०-०३।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०३।०२ सेवा करारमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा ।

२०७९।०८०-०३।०३ बजार अनुगमन गर्ने सम्बन्धमा।

२०७९।०८०-०३।०४ चाडपर्वहरुमा परम्परागत चारपिर्के पिङ्ग संरक्षण गर्ने सम्बन्धमा।

२०७८।०७९-०३।०५ आर्थिक प्रशासन शाखा प्रमुखको सरुवा तथा नयाँलाइ स्वागत सम्बन्धमा ।

२०७८।०७९-०३।०६ डेंगु लगायतका महामारी नियन्त्रण सम्बन्धमा ।

२०७८।०७९-०३।०७ विविध सम्बन्धमा ।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०१**

प्रस्ताव नं २०७९।०८०-०३।०१ माथी छलफल गर्दा १२२ औ गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०२**

प्रस्ताव नं २०७९।०८०-०३।०२ माथी छलफल गर्दा गाउँपालिकामा सेवा करारमा रहेका कर्मचारीहरुको सेवा सुविधा कम्तिमा २ हजार वृद्धि गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०३**

प्रस्ताव नं २०७९।०८०-०३।०३ माथी छलफल गर्दा गाउँपालिकाबाट २०८० असोज १२ गते बुधबार गाउँपालिका अध्यक्ष उपाध्यक्ष र प्रमुख प्रशसकीय अधिकृतको नेतृत्वमा ३ वटा क्लष्टर वनाइ बजार अनुगमन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०४**

प्रस्ताव नं २०७९।०८०-०३।०४ माथी छलफल गर्दा गाउँपालिकाभित्रका चारपिर्के पिङ्गको मौलिक संस्कृति संरक्षण गर्ने अभिप्रायले सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा चारपिर्के पिङ्ग निर्माण तथा मर्मत गरेवापत प्रति पिङ्ग रु १० हजार अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०५**

प्रस्ताव नं २०७९।०८०-०३।०५ माथी छलफल गर्दा डेंगु लगायतका महामारी नियन्त्रण र रोकथामको लागी वडा कार्यालय र स्वास्थ्य संस्थाहरुको समन्वयमा जनचेतनामूलक कार्यक्रम तथा संकास्पद विरामीहरुको पालिकाद्धारा निशुल्क RDT पद्धतीद्वारा परीक्षण तथा उपचार निदान गर्ने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०६**



रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०७९।०८०-०३।०६ माथी छलफल गर्दा आर्थिक बर्ष २०७९।०८० को बार्षिक कार्यक्रमहरु सार्वजनिकरण मिति २०७९ असोज २९ गते शुक्रबार विहान ११ बजेदेखी भिरचोकमा गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०३।०७**

प्रस्ताव नं २०७९।०८०-०३।०७ माथी छलफल गर्दा चालू आर्थिक बर्षको प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता सनराइज बैंक देउराली शाखा, प्रहरी चौकी भिरचोक देउराली, तालबेशी, सम्बन्धित वडा कार्यालयको समन्वय तथा सहजिकरणमा टोलटोलमा गइ वितरण गर्ने निर्णय गरियो ।

मिति २०७९ असोज ६ गते बसेको १२३ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका